# कुथेली बुखरी स्मल हाइड्रो पावर लि.
# Kutheli Bukhari Small Hydropower Ltd.

बानेश्वर थापागाउँ-१०, काठमाडौं, नेपाल
स्थापित: २०६८

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- ५८

क.र.द.नं.: १३१८१०/०७१/७२
पान नं.: ३०४९८२१८५


मिति: २०८२/०९/०७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिहदरबार प्लाजा, काठमाडौं

**बिषय: कम्पनीको बार्षिक साधारण सभा बस्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८२/०९/०६ गते आईतबार बेलुका ५:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयअनुसार आ.व. २०८१/०८२ को चौधौ बार्षिक साधारण सभा मिति २०८२/०९/२९ गते मंगलबारका दीन निम्न स्थान र समयमा बस्ने तथा बार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८२/०९/१४ गते एक दीनको लागी शेयर दाखीला खारेज बन्द( Book Close) रहने व्यहोरा समेत जानकारी गराईन्छ ।

**चौधौ बार्षिक साधारण सभा हुने मिति स्थान र समय**

मिति:२०८२/०९/२९ (तद्अनुसार 13 January,2026)

स्थान: काठमाडौं ब्याङ्क्वेट प्रा.ली., थापागाउँ, नयाँ बानेश्वर

समय: मध्यान्न २:३० बजे

बोधार्थ :

१. श्री नेपाल धितोपत्र वोर्ड, ललीतपुर ।

२. श्री विद्युत नियमन आयोग काठमाडौं ।

३. श्री विद्युत बिकाश बिभाग काठमाडौं ।

४. श्री सि. डि. एस. क्लियरिङ लिमिटेड काठमाडौं ।

५. श्री कम्पनी रजिष्टारको कार्यालय, काठमाडौं ।

६. श्री एन.एम.बि. क्यापिटल लिमिटेड, काठमाडौं ।

भवदीय,

हरि दत्त जोशी

कम्पनी सचिव

# कुथेली बुखरी स्मल हाईड्रोपावर लिमीटेड

रजिष्टर्ड कार्यालय: का.म.न.पा.-१०
थापागाउँ, नयाँ बानेश्वर, काठमाडौं

## चौधौ वार्षिक साधारण सभा सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०८२।०९।०७)**

आदरणिय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८२।०९।०६ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको चौधौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८२/०९/२९ गते (तदनुसार जनवरी १३, २०२६) मंगलबार

**समय :** मध्यान्न २:३० बजे

**स्थान :** काठमाडौं बैङ्क्वेट प्रा. लि., थापागाउं, नयां बानेश्वर काठमाडौं ।

**छलफलका विषयहरु**

**छलफलको लागि पेश गरिने विषयहरू**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ गतेसम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८१/८२ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. १३,४०,५४,२५०/- को ०.५२६३ प्रतिशत (निकटतम चार अंक) का दरले हुन आउने रु. ७०५,५४८।६८ (अक्षरेपी सात लाख पाँच हजार पाँच सय अरचालिस रुँपैया अरसाठी पैसा मात्र) नगद लाभांश (बोनस शेयरको कर प्रयोजनकालागि मात्र) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०८१/८२ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूंजी रु. १३,४०,५४,२५०/- को १० प्रतिशतका दरले हुन आउने १,३४,०५,४२५/- (अक्षरेपी एक करोड चौतीस लाख पाँच हजार चार सय पच्चीस रुपैंया मात्र) बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२. कम्पनीको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे र सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६(ख) र छ (ग) मा संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको थप परियोजनाको लागि बैंक वित्तिय संस्थाबाट थप ऋणको रकम लिने सम्बन्धमा ।

४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने ।

**(ग) विविध :**

१. यस कम्पनीको वार्षिक साधारण सभा सभा सम्वन्धी सम्पूर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी दिने सम्वन्धमा ।

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**

१. चौधौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयर दाखिल खारेजी मिति २०८२/०९/१४ गते बन्द रहनेछ । शेयर दाखिला खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अर्थात् मिति २०८२/०९/१३ गतेसम्म नेपाल स्टक एक्सचेञ्जमा कारोवार भई प्रचलित कानूनबमोजिम तोकिएको समयावधि भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड बालुवाटार, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनुहुनेछ ।

२. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही खाताको प्रमाण तथा आफ्नो परिचय खुल्ने फोटो सहितको परिचय पत्र अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका मध्यान्न २:०० बजे देखि खुल्ला रहनेछ ।

४. सभामा भाग लिन स्वयं उपस्थित हुन नसक्ने भई प्रोक्सी मार्फत प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा प्रोक्सी दर्ता गरी सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई (शेयर विभाजन नहुने गरी) प्रोक्सी नियुक्त गर्नुपर्दछ । शेयर विभाजन गरेर दिइएको प्रोक्सी स्वत: बदर हुनेछ । एकै शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वत: बदर वा अमान्य हुनेछ । तर पहिले दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनी नियुक्त गरेमा अघिल्लो प्रतिनिधि (प्रोक्सी) बदर भई पछिल्लो प्रतिनिधि (प्रोक्सी) मान्य हुनेछ ।

५. नावालक वा अशक्त शेयरधनीको प्रतिनिधीको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधी तोक्न सक्नेछ ।

६. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको द र्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउने छ । सर्वसम्मत प्रतिनिधि तोक्न नसकेको खण्डमा शेयरधनीको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधी पत्र मात्र सदर हुनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

८. प्रतिनिधी नियुक्त गर्नुभएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखतसँग मिल्नुपर्नेछ ।

९. कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र कम्पनिको रजिष्ट्रर्ड कार्यालय थापागाँउ काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । शेयरधनीले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिनुहुनेछ ।

१०. शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमतिप्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१२. अन्य विस्तृत जानकारीको लागि कार्यालय समयभित्र कम्पनीको रजिष्ट्र्ड कार्यालयमा सम्पंक राख्नसक्नुहुनेछ ।

१३. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**